# नगर अस्पतालमा ल्याब सेवा शुरु

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको ईश्वरपुर नगरपालिकास्थित नगर अस्पताल बयलवासमा जनस्वास्थ्य प्रयोगशाला अर्थात् ल्याब सेवा प्रारम्भ गरिएको छ।

मधेश प्रदेश सरकार र नगरपालिकाबीचको सहकार्यमा वडा नं. ६ स्थित नगर अस्पतालमा ल्याब सेवा सुरु गरिएको छ। प्रयोगाशालाको आइतबार मेयर मनोजकुमार आचार्यले उद्घाटन गरेका छन्। नगर अस्पतालमा यसअघिदेखि नै ल्याब सेवा संचालन भए पनि अहिले प्रदेश सरकारबाट थप औजार उपकरण र कर्मचारीसमेत प्राप्त भएपछि अझ व्यवस्थित ढंगले सेवा शुरु गरिएको ईश्वरपुर नगरपालिकाको स्वास्थ्य शाखाका संयोजक सुगेन्द्र महतोले बताए।



महतोका अनुसार ल्याब संचालनका लागि प्रदेश जनस्वास्थ्य प्रयोगशाला जनकपुरधामबाट तत्कालका लागि एक जना ल्याब टेक्निसियन र एक जना कार्यालय सहयोग पनि पठाइएको छ। ल्याबमा विभिन्न किसिमको परीक्षणमा लाग्ने शुल्क प्रदेशबाटै निर्धारण भएर आएको र बाहिरको तुलनामा अत्यन्त न्यून मूल्यमा परीक्षण हुने स्वास्थ्य शाखाका संयोजक महतोले बताए । प्रदेश सरकारले पठाएको उपकरणबाट नगर अस्पतालमा भएको भन्दा बाहेक क्याल्सियम, सोडियमलगायतको परीक्षणसमेत गर्न सकिने नगर अस्पताल बयलवासले जनाएको छ । कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत हिराकाजी श्रेष्ठ, स्वास्थ्य शाखाका प्रमुख सुगेन्द्र महतोलगायतको उपस्थिति रहेको थियो।

मेयर आचार्यले नगर अस्पतालको ल्याबबाट विशेष गरी अतिविपन्न तथा गरीब परिवारले सहज तथा सुलभ रुपमा सेवा पाउने विश्वास व्यक्त गरेका छन् । उनका अनुसार प्रदेश सरकार र नगरपालिकाको गरी झण्डै ८० लाखको लागतमा ल्याब स्थापना गरिएको छ।

# करारका शिक्षक र कर्मचारी त्रसित

**टुडे समाचारदाता**

कलैया । जीतपुरसिमरा उपमहानगरपालिकाको सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षक र कर्मचारीहरुले वार्षिक रुपमा करार नवीकरण गराउनुपर्ने भएपछि जागिर जाने डरले त्रसित बनेका छन् ।



सामुदायिक विद्यालयमा कार्यरत करार,राहत ,बालविकास र कर्मचारीहरु शिक्षक महासंघ नगर शिक्षा प्रतिनिधिको अगुवाइमा नगर प्रमुख राजन पौडेललाई ज्ञापनपत्र बुझाएका छन् ।

ज्ञापनपत्र मार्फत शिक्षक तथा कर्मचारीहरुले विभिन्न ९ वटा माग अघि सारेका छन् ।

विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार सम्बन्धित विद्यालयको प्रधानाध्यापकले एक वर्षसम्मको लागि करार,राहत ,बालविकास र कर्मचारीहरुको म्याद थप गर्न सक्ने प्रावधान उपमहानगरपालिकाले राखेको छ ।

उपमहानगरपालिकाको यस्तो निर्णयले जागिर जोगाउन राजनैतिक दलको झोला बोक्ने प्रवृतिको विकास गर्ने शिक्षक शम्भु मण्डलले आरोप लगाए । यस्तो पद्धतिले शिक्षाको ट्र्याकलाई खल्बलाउने तर्क उनको छ ।

जीतपुरसिमरा उपमहानगरपालिकाको शिक्षा विकासमा आफूहरुको पनि लामो समयको योगदान रहेकाले त्यसको सम्बोधन गरी आफूहरुको जागिरको सुरक्षा हुनुपर्ने धारणा व्यक्त गरे ।

विद्यार्थीलाई पाँच वर्षसम्म यस्तो हिसाबले पढाउछु ,विद्यालयलाई यहाँ सम्म पुर्‍याउछु भन्ने लक्ष्य राखेर आफूहरु हिड्ने गरेकाले उपमहानगरपालिकाको यस्तो निर्णयले विद्यालय र विद्यार्थी दुबै पक्षलाई प्रतिकूल असर पर्ने मण्डलले बताए ।

यता जीतपुरसिमरा उपमहानगरपालिका-.१६ का वडा अध्यक्ष हरिदेव खरेलले नगर स्तरीय कक्षा ८ को परीक्षाले हाम्रो विद्यार्थी र शिक्षकहरु कुन स्थानमा छौं देखाइसकेकाले यसलाई सुधार्नुपर्ने नितान्त आवश्यक रहेको बताए ।

अहिलेको नगरको शिक्षाको अवस्थाले आफूहरुलाई गिज्याइरहेका कारण विद्यालय व्यवस्थापन समिति ,शिक्षक र जनप्रतिनिधि आपसी समन्वयबाट शिक्षाको अवस्थामा परिवर्तन गरी अघि बढ्नुपर्ने सल्लाह दिए ।

वडा नं.१६ स्थित जनजागृती माध्यमिक विद्यालय सखुवाघाटले १५ जना शिक्षक र कर्मचारीहरुको एक वर्ष सेवा अवधि थप गरेको छ । नगर प्रमुख राजन पौडेलले कानुन तथा ऐन विपरीत कार्य गर्ने छुट स्थायी वा अस्थायी शिक्षक वा कर्मचारी अथवा जनप्रतिनिधि कसैलाई नभएको बताए ।गलत गर्नेलाई जुनसुकै बेला पनि हटाउन सक्ने नियम भएको बताए ।

# लागूऔषधसहित एक पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको विदेह नगरपालिका-१ बाट प्रहरीले लागूऔषधसहित एक जनालाई पक्राउ गरेको छ।




सोमबार दिउँसो एक बजेको समयमा विदेह न.पा.१ स्थित रेल्वे ट्र्याकमा ठाडी भिजा प्रहरीचौकीबाट खटेको टोलीले चेकजाँचको क्रममा लागूऔषधसहित भारत बिहारको मधुबनी जिल्लाको रजौल-५ का ४० वर्षीय कारी दासलाई पक्राउ गरेको जनाइएको छ।

दासको साथबाट प्रहरीले बीआर ७ बी ६१२५ भारतीय नम्बर प्लेटको मोटरसाइकल र मोटरसाइकलको लेगार्डमा प्लाष्टिकको बोरामा माथिबाट कुरकुरेले छोपेर ल्याएको एक्सप्लिन सय एमएलको ५० बोतल तथा मोटरसाइलसमेत प्रहरीले नियन्त्रणमा लिएको छ । दासमाथि लागूऔषध विरुद्धको मुद्दा चलाइने जनाइएको छ।

# आठ वटा ट्र्याक्टर प्रहरीको नियन्त्रणमा

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको क्षीरेश्वरनाथ नगरपालिका-८ स्थित जलाद खोलामा अवैध उत्खननमा संलग्न रहेको आरोपमा प्रहरीले आठ वटा ट्र्याक्टरलाई नियन्त्रणमा लिएको छ।



सोमबार बिहान जलाद खोलाबाट नदीजन्य पदार्थहरु बालुवा/गिट्टी अवैध रूपमा उत्खनन गर्दै गरेको अवस्थामा ईलाका प्रहरी कार्यालय महेन्द्रनगरबाट खटेको प्रहरी टोलीले सो ट्र्याक्टरहरु नियन्त्रणमा लिएको छ । प्रहरीले प्र २-०२-००१ त ५०५१ , प्र १-०२-००३ त ७००, प्र २-०२-००१ त १५२२, प्र १-०२-००३ त ६९९ गरी चार वटा ट्र्याक्टरलाई लोड अवस्थामा नियन्त्रणमा लिएको जनाइएको छ भने ज.१त.९४४१, ना.६त.५६४३, ना.१त.५९५२, प्र.२-०३-००१त.३५९० नम्बरको खाली ट्र्याक्टरहरु नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय धनुषाका सूचना अधिकारी वेदप्रसाद गौतमले जानकारी दिए।

नियन्त्रणमा लिइएको ट्र्याक्टर हरुलाई आवश्यक कारबाहीका लागि क्षीरेश्वरनाथ नगरपालिकाको कार्यालयमा बुझाइएको छ । यसैबीच धनुषा प्रहरीले भारतबाट नेपालतर्फ भन्सार छली गरेर ल्याउँदै गरेको पाँच लाख भन्दा बढीको सामान बरामद गरेको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाका सूचना अधिकारी गौतमका अनुसार ५ लाख २३ हजार ४ सय मूल्य बराबरको लत्ताकपडा तथा ईल्कट्रोनिक्सका सामानहरु बरामद भएको छ । बरामद गरिएको सामानहरुलाई आवश्यक कारबाहीका लागि जनकपुर भन्सार कार्यालयमा बुझाइने जनाइएको छ।

# विकास निर्माणमा तीव्रता

**टुडे समाचारदाता**

गरुडा । रौतहटको अधिकांश पालिकामा जनप्रतिनिधिबीचको विवादका कारण विकास निर्माणको काम प्रभावित भए पनि गरुडा नगरपालिकामा विकास निर्माणका कार्यमा तीव्रता लिएको छ।



जिल्लाका अधिकांश पालिकामा यतिखेर जनप्रतिनिधिहरु अर्थात मेयर, उपमेयर र वडा अध्यक्षहरुबीच बजेट भागबण्डामा सहमति हुन नसक्दा विकास निर्माणका कामहरु अगाडि बढ्न सकिरहेका छैनन तर गरुडा नगरपालिकाका नगर प्रमुख (मेयर) कन्थमनी प्रसाद जयसवालले सबै पक्षलाई समेटेर नगरमा विकास निर्माणका कामलाई निकै जोरसोरले अगाडि बढेका छन्।

मेयर जयसवालले गरुडा नगरपालिका वडा नं. १ जयनगर, वडा नं. ६ पोठियाही लगाएतका विभिन्न वडामा यतिखेर सडक ढलान कार्यलाई तीव्रता दिएका छन् । नगरपालिकाको १२ लाख रुपैयाँको लागतमा वडा नं. १ जयनगरमा १४ सय १४ फिट चौडाइ, १ सय २८ मिटर लम्बाई तथा ८ ईन्च मोटाई ढलान हुने उक्त सडक ढलान कार्यको सोमबार आयोजित एक कार्यक्रमकाबीच मेयर जयसवालले शिलान्यास गर्दै शुभारम्भ गरेका छन्।

मेयर जयसवालले -६ को पोठियाहीमा समेत २ सय २ मिटर लामो पक्की सडक ढलान कार्य शुरु गरेका छन् । नगरस्तरीय विकास कोषबाट १५ लाख रुपैंयाको लागतमा पोठियाहीमा तन्की साह कानुको घरदेखि विरेन्द्र साह कानुको खेतसम्म १२ फिट चौडाई र ८ इन्च मोटाई सडक ढलान कार्य भइरहेको नगर प्रमुख जयसवालले बताए।

वर्षौंदेखि पक्की सडक नहुँदा खासगरी वर्षाको समयमा हिलोको कारण स्थानीयहरुलाई आवतजावत गर्न निकै कठिनाई हुँदै आएकोले आफुले स्थानीहरुको आवतजावतमा कुनै समस्या नहोस भन्ने उद्देश्यका साथ सडक ढलान कार्यलाई तीव्र गतिमा अगाडि बढाएको उनले बताए।

सडक ढलान भएपछि आम नागरिकलाई हिड्डुल गर्न तथा आवतजावत गर्न सहज हुने उनले बताए।

# सञ्जिवनी वाटिका सञ्चालनको तयारी

**सिकेन्द्र पासवान**

कलैया । वृद्धाहरुको लागि जीतपुर उपमहानगरपालिकामा सञ्जिवनीवाटिकासञ्चालनकोतयारी भइरहेको छ । बाराको जीतपुर सिमरा उपमहागरपालिका-७ मा रहेको सञ्जिवनी वाटिका( वृद्धाश्रम) जीतपुरका अध्यक्ष एवं पूर्व मन्त्री फरमुल्लाह मन्सुरले जानकारी दिए।



करीब एक करोड रुपैयाँको लागतमा निर्माण गरिएको वृद्धाश्रम भवन सवा ८ कठ्ठा जग्गामा रहेको छ।

समाजमा जेष्ठ नागरिकहरुलाई उनका घर परिवार जहान, बालबच्चाहरुले हेर्ने दृष्टिकोण फरक रहेको हुँदा वृद्धा अवस्थामा वृद्धा, वृद्धाहरुले अपहेलित हुन पुगेका मात्र हुँदैन आफ्नो ज्यान पनि गुमाउने अवस्था सिर्जना हुने भएको हुँदा परिवारको कचकच सहनु भन्दा सम्मान पूर्वक जीवनयापन गर्न वृद्ध आश्रममा गर्न सजिलो होस भन्ने अभिप्रायले वाटिकाको स्थापना भएको मंसुरले बताए।

वाटिकामा बस्नका लागि आउने मान्छे व्यक्ति ६० वर्ष पूरा भएको, नेपाली नागरिकता भएको हुनुपर्ने तर जुनसुकै जाति, धर्म तथा वर्गको भए पनि बाटिकामा आउन र बस्न, खान समस्या नहुने गरी समावेशी बनाइएको छ मंसुरले बताए। १ सय जनासम्म जेष्ठ नागरिकहरुलाई राख्ने क्षमता भए पनि हाल १५ देखि २५ जनासम्म राख्ने योजना रहेको छ।

अन्तर्राष्ट्रिय जेष्ठ नागरिक दिवसको अवसर पारेर उद्घाटन गर्न लागेको सो वाटिका भित्र भोजन कक्ष, भजन किर्तन,टेलिभिजन तथा योगा कक्षसहितको निर्माण गरिएको छ। राष्ट्रिय वाणिज्य बैंक सिमरामा सञ्जिबनी बाटिकाको नाममा हाल १० लाखको अक्षयकोष खडा गरिएको छ । यसलाई एक करोडसम्म पुऱ्याउने लक्ष्य राखिएको छ।

जेष्ठ नागरिकको लागि निःशुल्क खाने व्यवस्था, बिहान चिया, नौ बजे बिहानी खाना, दिउँसो नास्ता, अपरान्ह ४ बजे चिया र बेलुका खाना दिने जनाइएको छ ।

प्रत्येक व्यक्तिलाई एउटा पलंग, विछ्यौना, झुल, थाल कचौरा गिलास बोतल, अल्मारी, औषधि बाकसलगायत उपलब्ध गराइने र आफ्नो व्यक्तिगत सरसफाइ आफैं गर्नुपर्ने छ । बाटिकाको स्थापना २०६६ सालमा भएको थियो।


## पिपरा गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
पिपरा, महोत्तरी
मधेश प्रदेश, नेपाल

## करारमा शिक्षक नियुक्ति सम्बन्धी सूचना

**प्रकाशित मिति : २०८०/०२/०१**

पिपरा गाउँपालिकाको मिति २०७९ चैत्र २२ गते करारमा शिक्षक नियुक्ति सम्बन्धी प्रकाशित विज्ञापन अनुसार माग भए बमोजिमको दरखास्त नपरेकोले पिपरा गाउँपालिकाको गाउँ शिक्षा समितिको मिति २०७९/१२/२५ गतेको निर्णयानुसार यस स्थानीय तह अन्तर्गतका सामुदायिक विद्यालयमा मा.वि./नि.मा.वि. तहको लागि तपसिल अनुसारको खुल्ला प्रतिस्पर्धाबाट करारमा शिक्षक नियुक्त गर्नुपर्ने भएकोले यो विज्ञापन भएको मितिले १५ (पन्ध्र) दिन भित्र निम्नानुसारको कागजात सहित दरखास्त दिनु हुन यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र.सं. | विज्ञापन नं. | तह | विषय/पदसंख्या | योग्यता |
|---|---|---|---|---|
| १ | १/०७९/८० | माध्यमिक | नेपाली - शिक्षक संख्या - ४ (चार) | मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षा संकायबाट नेपाली विषयमा स्नातक गरेको। |
| २ | २/०७९/८० | माध्यमिक | अंग्रेजी - शिक्षक संख्या - १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षा संकायबाट अंग्रेजी विषयमा स्नातक गरेको। |
| ३ | ३/०७९/८० | माध्यमिक | गणित - शिक्षक संख्या - २ (दुई) | मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षा संकायबाट गणित विषयमा स्नातक गरेको। |
| ४ | ४/०७९/८० | माध्यमिक | सामाजिक - शिक्षक संख्या - ३ (तीन) | मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षा संकायबाट सामाजिक विषयमा स्नातक गरेको। |
| ५ | ५/०७९/८० | निम्न माध्यमिक | नेपाली - शिक्षक संख्या - १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षा संकायबाट नेपाली विषयमा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा - १२) वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तिमा १० महिने तालिम पुरा गरेको। |
| ६ | ६/०७९/८० | निम्न माध्यमिक | गणित - शिक्षक संख्या - २ (दुई) | मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षा संकायबाट गणित विषयमा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा - १२) वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तिमा १० महिने तालिम पुरा गरेको। |
| ७ | ७/०७९/८० | निम्न माध्यमिक | विज्ञान - शिक्षक संख्या - १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षा संकायबाट विज्ञान विषयमा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा - १२) वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तिमा १० महिने तालिम पुरा गरेको। |
| ८ | ८/०७९/८० | निम्न माध्यमिक | सामाजिक - शिक्षक संख्या - १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षा संकायबाट सामाजिक विषयमा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा - १२) वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तिमा १० महिने तालिम पुरा गरेको। |

- **तलब स्केल** :- नेपाल सरकारले तोके बमोजिम।
- **सेवा शर्त** :- पिपरा गाउँपालिका शिक्षक परिचालन कार्यविधी २०७९ बमोजिम हुनेछ।
- **माध्यमिक तहको लागि** :- माध्यमिक तहको अध्यापन अनुमति-पत्र भएको।
- **निम्न माध्यमिक तहको लागि** :- निम्न माध्यमिक तहको अध्यापन अनुमति-पत्र भएको।
- **उमेर** :- १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्छ।
- **संलग्न गर्नुपर्ने कागजातहरुः**- दरखास्त दस्तुरको रसिद, शैक्षिक योग्यताको प्रमाणपत्र, अध्यापन अनुमति-पत्र, व्यक्तिगत विवरण (Bio Data), नेपाली नागरिकताको प्रमाणपत्र, हालसालै खिचिएको पासपोर्ट साइजको फोटो (विदेशी बोर्डबाट उर्त्तीण गरेको भएमा समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रतिलिपी पेश गर्नु पर्ने छ।)
- **परीक्षाको किसिमः**- लिखित तथा मौखित/अन्तरवर्ता (छनौट तथा सिफारिस समितिको तयार पारेको मापदण्डको आधारमा)
- **आवेदन बुझाउने तथा लिने स्थानः**- शिक्षा युवा तथा खेदकुद शाखा
- **थप जानकारीको लागिः**- शाखा अधिकृत श्री राज किशोर झा, ९८५५०४०५१४
- **परीक्षा केन्द्रः**- पछि तोकिने छ।
- **परीक्षा दस्तुरः**- मा.वि. तहको रु. १५००।०० र नि.मा.वि. तहको रु. १०००।००
- सम्पर्क मिति २०८० जेष्ठ १५ गते (नोटः- दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट सोही समय सम्म दरखास्त दिने अन्तिम दिन हुनेछ।)

**प्रमुख प्रशासकीय अधिकृत**